विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०३/०८ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | नगर सभा सञ्चालन सहयोग समिति गठन सम्बन्धमा। | प्रदेश नं.१ सरकारबाट जारी गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा १७ मा भएको व्यवस्था बमोजिम दशौं अधिवेशनको बैठक सञ्चालनमा सभाका अध्यक्षको सहयोगका लागि देहाय बमोजिमको सभा सञ्चालन सहयोग समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१)श्री नागेश कोइराला – अध्यक्ष<br>(२)श्री शिल्पा निराला कार्की – उपाध्यक्ष<br>(३)श्री सन्तोष न्यौपाने – सदस्य<br>(४)श्री श्याम घिमिरे – सदस्य<br>(५)श्री सूर्यलाल यादव – सदस्य<br>(६)श्री ओमप्रकाश शाह – सदस्य<br>(७)श्री कमला श्रेष्ठ – सदस्य<br>(८)श्री उमेश बस्नेत – सचिव |
| २ | नगर सभाका दिन सार्वजनिक विदा दिने सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर सभाको दशौं अधिवेशन मिति २०७९/०३/१० देखि सञ्चालन हुने भएकोले उक्त दिन अत्यावश्यक सेवा बाहेक नगर कार्यपालिकाको कार्यालय एवम् अन्तर्गतका वडा कार्यालयहरूमा दिनको १२:०० बजेदेखि सार्वजनिक विदा दिने सर्वसम्मतिले निर्णय गरियो। अधिवेशनको दोस्रो बैठक बस्ने दिन कार्यालय समय परेमा सो दिन समेत सो बमोजिम सार्वजनिक विदा दिने निर्णय गरियो। |
| ३ | न्यायिक समिति सदस्य निर्वाचन कार्यविधि, २०७९ सम्बन्धमा। | नेपालको संविधानको धारा २१७ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम उप-प्रमुखको संयोजकत्वमा रहने न्यायिक समितिका सदस्यको निर्वाचन गर्न/गराउन न्यायिक समिति सदस्य निर्वाचन कार्यविधि, २०७९ सर्वसम्मतिले स्वीकृत गरियो। |
| ४ | विकास निर्माण कार्यमा जनसहभागिताको हिस्सा निर्धारण सम्बन्धमा। | आ.व.२०७९/०८० को लागि महानगरपालिकाले सञ्चालन गर्ने विकास निर्माण आयोजनाहरूको जनसहभागिताको हिस्साका सम्बन्धमा सङ्घीय तथा प्रदेश सरकारका सशर्त कार्यक्रममा तोकिएको हकमा सोही बमोजिम लागत सहभागिता हुने र अन्य सम्पूर्ण आयोजनाको हकमा निम्न बमोजिम लागत सहभागिता कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

| क्र.सं. | लागत सहभागिताको अंश | कामको प्रकृति/क्षेत्र |
|---|---|---|
| १ | शून्य वा स्वेच्छिक | मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा लगायत धार्मिक स्थल, श्मसान घाट |
| २ | ०-५ प्रतिशत | सामुदायिक र परम्परागत धार्मिक विद्यालय (गुरुकुल, मदरसा) – नगर शिक्षा समितिको निर्णयानुसार हुने। |

प्रतिलिपि
०७९।०३।१६

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | ३ | १० प्रतिशत | वडा कार्यालय भवन, गरिब तथा विपन्न समुदायहरूको आवास निर्माण (जन-श्रमदानको योगदान रहने) |
| | | ४ | १५ प्रतिशत | पिच, आर.सि.सि., पि.सि.सि., नाला, भवन, इँटा जोड्ने कार्य, सडकमा टायल, ट्रष भवन |
| | | ५ | २० प्रतिशत | सडक ग्राभेल |
| | | ६ | ३० प्रतिशत | कच्ची सडक, माटोको कार्य |

| | | |
|---|---|---|
| ५ | उपभोक्ता समितिले कार्यान्वयन गरेका आयोजनाको म्याद सम्बन्धमा। | चालु आ.व.२०७८/०७९ मा उपभोक्ता समिति मार्फत सञ्चालित अधिकांश नगरस्तरिय योजनाहरू स्थानीय निर्वाचन लगायत विविध कारणले समयमा सम्पन्न गर्न नसकेको हुँदा यसपटकका लागि उक्त योजनाहरू २०७९ साल पुस मसान्तसम्म कार्यान्वयन सम्पन्न गर्नेगरी म्याद थप गर्ने र उक्त योजनाहरूको आगामी नगर सभाबाट दायित्व सारी बजेट किताबमा समावेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, अबदेखि सोही आ.व.भित्र कार्य सम्पन्न गर्ने र यसरी दायित्व सार्ने परिपाटी अन्त्य गर्ने निर्णय गरियो। |
| ६ | Project Bank सम्बन्धमा। | अनुसूची-१ मा संलग्न बमोजिमका महानगरको विकासको लागि महत्वपूर्ण तथा गौरवका आयोजनाहरू समावेश गरी आयोजना बैङ्क (Project Bank) स्थापना गरेर उक्त आयोजनाहरूको सम्भाव्यता एवम् विस्तृत अध्ययन गरी स्रोत तथा आवश्यकताका आधारमा कार्यान्वयन प्रक्रियामा लैजाने सर्वसम्मतिले निर्णय गरियो। |
| ७ | सङ्घीय/प्रदेश सरकार र विकास साझेदारसँग सहयोगमा कार्यान्वयन हुने योजना सम्बन्धमा। | सङ्घीय तथा प्रदेश सरकार एवम् विकास साझेदारसँगको सहयोगमा कार्यान्वयन हुने योजनाहरू अनुसूची-२ मा समावेश भए बमोजिम सर्वसम्मतिले स्वीकृत गरियो। |
| ८ | सरसफाई अनुगमन समिति गठन सम्बन्धमा। | नगरको सरसफाई कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिमको अनुगमन समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(क) **उत्तरी क्षेत्रः** संयोजक – श्री काजी बहादुर बस्नेत (वडा अध्यक्ष, वडा नं.१), सदस्यहरू – पत्रकार महासंघ प्रतिनिधि-१, टोल विकास समिति प्रतिनिधि-१, साझेदार संस्था प्रतिनिधि-१ र सदस्यसचिव – शाखा प्रमुख, सरसफाई व्यवस्थापन शाखा<br>(ख) **मध्य क्षेत्रः** संयोजक – श्री अर्जुन गिरी (वडा अध्यक्ष, वडा नं.१०), सदस्यहरू – पत्रकार महासंघ प्रतिनिधि-१, टोल विकास समिति प्रतिनिधि-१, साझेदार संस्था प्रतिनिधि-१ र सदस्यसचिव – शाखा प्रमुख, सरसफाई व्यवस्थापन शाखा<br>(ग) **दक्षिणी क्षेत्रः** संयोजक – श्री उद्धव कुमार भुजेल (वडा अध्यक्ष, वडा नं.१), सदस्यहरू – पत्रकार महासंघ प्रतिनिधि-१, टोल विकास समिति प्रतिनिधि-१, साझेदार संस्था प्रतिनिधि-१ र सदस्यसचिव – शाखा प्रमुख, सरसफाई व्यवस्थापन शाखा |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ९ | विविध। | (क) सशर्त अनुदानतर्फ नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त रु.१५,००,०००।० र महानगरपालिकाबाट विनियोजन भएको रु.१५,००,०००।० (सन्त नेता कृष्णप्रसाद भट्टराई फाउण्डेशन भवन निर्माण शिर्षकमा विनियोजित रु.१०,००,०००।० तथा मर्मत सम्भार शिर्षकबाट रु.५,००,०००।० गरी) बाट खर्च हुनेगरी विराटनगर महानगरपालिका वडा नं.४ स्थित सन्त नेता कृष्णप्रसाद भट्टराई फाउण्डेसनको आश्रम/भवन निर्माणको लागि रु.२८,४०,८७०।३२ बराबरको लागत अनुमान स्वीकृत भई उपभोक्ता समितिमार्फत निर्माण कार्य भइरहेकोमा उक्त फाउण्डेशनलाई सुन्दरहरैंचा नगरपालिका, मोरङबाट रु.१५,००,०००।० र प्रदेश नं.१ सरकारबाट रु.५०,००,०००।० रकम विनियोजन भइआएकोले सो निर्माण कार्यमा थप कार्य हुनेगरी रु.१ करोडभित्र रही संसोधित लागत अनुमान स्वीकृत गरी कार्य गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल